आज मिति २०७९ साल असोज ३० गते यस स्यागङ गाउँपालिकाका अध्यक्ष श्री आशा तामाङ ज्युको अध्यक्षतामा बसेको स्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

आमन्त्रित:

१. विरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

म्याग्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुईपिपल, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।**

**निर्णय नं. १** — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं. २ — धरौटी रकम फिर्ता सम्बन्धमा।**

**निर्णय नं. २** — प्रस्ताव नं. २ उपर छलफल गर्दा आ.व. २०७७/०७८ मा यस पालिकाको ठेक्का नं. Myagang/NCB/R/02/077/78, Construction of Myagang Kimtang Thambukhola Jodne Sadak Ward No. 4 को लागि श्री Siyon/Amar J.V. Bidur- 13, Nuwakot सँग मिति २०७७/०९/०८ मा सम्झौता भई मिति २०७८/०३/०८ मा सम्पन्न गर्नुपर्नेमा विश्वभर फैलिएको कोरोनाको महामारीका कारण भएको लकडाउन का कारण उक्त ठेक्काको कार्य समय भित्र सम्पन्न गर्न नसकेको र सो आ.व. को अन्त सम्ममा ६०.८% प्रतिशत मात्र कार्य सम्पन्न भई सो वापतको प्रथम र दोस्रो किस्ताबाट भुक्तानी समेत दिइएकोमा आ.व. २०७८/०७९ मा सो ठेक्को बाँकी कार्य सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन नभएको र यस आ.व. मा समेत आवश्यक बजेट विनियोजन नभएको सो ठेक्काको भए गरेको कामबाट तत्काल सो क्षेत्रको आवश्यकता परिपूर्ति भएकोले सो ठेक्काको आवधि समाप्त भएको मितिले ठेक्का सम्झौता रद्ध गरिएको निर्णय गरियो। साथै उक्त ठेक्काको लागि ठेक्का र तर्फबाट राखिएको धरौटी तथा रिटेन्सन रकम फिर्ता गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ — माटो परिक्षण सम्बन्धमा।**

**निर्णय नं. ३** — प्रस्ताव नं. ३ उपर छलफल गर्दा म्यागङ गाउँपालिका अन्तर्गतका म्यागङ ५ र ६ का किसानहरुको माटो परिक्षणका लागि वडा नं. ६ वडा कार्यालयमा मिति ............... र वडा नं. ४ किम्ताङको लागि वडा नं. ४ वडा कार्यालयमा मिति .................. माटो परिक्षण शिविर संचालन गर्ने र परिक्षण गराउने किसानलाई प्रति किसान २ किलो को दरले चुना वितरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ — कृषि क्षेत्र र गैर कृषि क्षेत्र तोक्ने सम्बन्धमा।**

**निर्णय नं. ४** — प्रस्ताव नं. ४ उपर छलफल गर्दा भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको परिपत्रबाट कृषि क्षेत्र र गैर कृषि क्षेत्र तोक्नका लागि प्राविधिक सहयोग आवश्यक पर्ने हुँदा नापी विभाग अन्तर्गतको स्थलरुप नापी तथा भुउपयोग व्यवस्थापन महाशाखामा प्रविधिक सहयोग माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ — झोलुङ्गे पुल हेरलु सम्बन्धमा।**

**निर्णय नं. ५** — प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिका अन्तर्गतका तपशिलका झोलुङ्गे पुलहरुको हेरलु तपशिलको मिति देखि लागु हुने गरी कामकाजमा खटाइएकोमा सो अनुमोदन गरिएको र मासिक रु. ५००/- का दरले दिने सुविधा बमोजिम दिन बाँकी रहेको सुविधा उपलब्ध गराउने भनी निर्णय गरियो।

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

तपशिल:

| क.सं. | झोलुङ्गे पुलको नाम | हेरलुको नाम, थर/ ना.प्र.नं. | कामकाजमा खटाइएको मिति | भुक्तानी दिन बाँकी रकम रु. |
|---|---|---|---|---|
| १. | कुण्डला झो.पु. | अमृत मान तामाङ, २०७६३ | २०७४/०४/०१ | १२,०००/- (आ.व. २०७७/०७८ देखिको बाँकी) |
| २. | ढुङ्गे साँगु झोलुङ्गे पुल | प्रताप तामाङ, ८०७८२ | २०७८/०४/०१ | ६०००/- (आ.व. २०७८/०७९ देखिको बाँकी) |

निर्णय नं. ५.१ - २०७९ सालको बडा दशैं तथा तिहारको सार्वजनिक बिदा अवधिमा पालिका कार्यालय र वडा कार्यालय, स्वास्थ्य संस्थाको पालो पहरामा खटिएका कर्मचारीलाई आधारभूत तलबको एक दिन बराबरको तलब दैनिक रूपमा उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ६ – सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।